**बागमती प्रदेश सभा**

**दोस्रो कार्यकाल**

**सातौं अधिवेशन**

**बैठक संख्या-२**

**सुचनापत्र-२**

**(बैठकको कारवाही संक्षिप्त विवरण)**

**२०८२ चैत्र २५ गते, बुधबार**

बागमती प्रदेश सभाको आजको बैठक माननीय उपसभामुख श्री अपसरा चापागाईको अध्यक्षतामा बिहानको ११:३७ बजे प्रारम्भ भयो।

सर्वप्रथम माननीय सभामुखले आजको बैठकमा शून्य समय नरहेको व्यहोरा जानकारी गराउनुभयो।

तत्पश्चात विशेष समयमा निम्नलिखित माननीय सदस्यहरुले आ-आफ्नो भनाई राख्नुभयो:-

१. माननीय रामकृष्ण चित्रकार
२. माननीय मायादेवी शर्मा
३. माननीय तारानारायण श्रेष्ठ
४. माननीय तिर्थ लामा
५. माननीय भारती कुमारी पाठक
६. माननीय मदुकुमार श्रेष्ठ
७. माननीय प्रेमभक्त महर्जन
८. माननीय देबेन्द्र श्रेष्ठ
९. माननीय सुरजचन्द्र लामिछाने
१०. माननीय बालकुमारी विश्वकर्मा
११. माननीय रामप्रसाद ढुङ्गाना
१२. माननीय केशव प्रसाद पोखरेल
१३. माननीय यमुनादेवी श्रेष्ठ
१४. माननीय सरल सहयात्री पौडेल
१५. माननीय सुरेन्द्रराज गोसाई
१६. माननीय आनन्द कुमार श्रेष्ठ
१७. माननीय लक्ष्मी घिमिरे
१८. माननीय इन्द्र प्रसाद गोतामे
१९. माननीय आशा लामा
२०. माननीय इश्वर सापकोटा
२१. माननीय उत्तम जोशी
२२. माननीय शकुन्तला श्रेष्ठ
२३. माननीय ॐ कुमारी श्रेष्ठ
२४. माननीय युवराज चौलागाई

त्यसपछि माननीय सभामुखले आजको बैठक ३० मिनेट पछि बस्ने गरी दिनको २:५५ बजे स्थगित गर्नुभयो।

तदुपरान्त माननीय सभामुखले ३० मिनेटका लागि स्थगित भएको बैठक दिनको ३:४५ बजे प्रारम्भ गर्नुभयो। विशेष समयमा देहायका माननीय सदस्यहरुले आ-आफ्नो भनाई राख्नुभयो:-

१. माननीय रामेश्वर श्रेष्ठ
२. माननीय रामकुमार पहाडी
३. माननीय राजेन्द्रमान श्रेष्ठ

त्यसपछि प्रदेश मामिला समितिका माननीय सभापति छिरिङ दोर्जे लामाले **"प्रदेश सवारी तथा यातायात व्यवस्था ऐन २०७६ को उत्तर विधायिकी परीक्षण प्रतिवेदन"** पेश गर्नुभयो।

तत्पश्चात माननीय आर्थिक मामिला तथा योजना मन्त्री प्रभात तामाङले **प्रदेश आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक,२०८२** लाई प्रस्तुत गर्न अनुमती मागने प्रस्ताव प्रस्तुत गर्नुहुँदा माननीय सभामुखले उक्त प्रस्ताव माथि कुनै पनि माननीय सदस्यको विरोधको सूचना प्राप्त नभएकोले प्रदेश सभा नियमावली, २०७४ को नियम १०६ को उपनियम (२) बमोजिम **"प्रदेश आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक,२०८२"** लाई प्रस्तुत गर्न अनुमति प्राप्त भएको घोषणा गर्नुभएपछि माननीय मन्त्रीले विधेयक प्रस्तुत गर्नुभयो।

तदुपरान्त माननीय खानेपानी, ऊर्जा तथा सिचांई मन्त्री श्री कृष्ण कुमार तामाङले **"प्रदेश खानेपानी तथा सरसफाइ सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक, २०८२"** लाई प्रस्तुत गर्न अनुमती मागने प्रस्ताव प्रस्तुत गर्नुहुँदा माननीय सभामुखले उक्त प्रस्ताव

**बागमती प्रदेश सभा**

**दोस्रो कार्यकाल**

**सातौं अधिवेशन**

**बैठक संख्या-२**

**सुचनापत्र-२**

**(बैठकको कारवाही संक्षिप्त विवरण)**

**२०८२ चैत्र २५ गते, बुधबार**

---

माथि कुनै पनि माननीय सदस्यको विरोधको सूचना प्राप्त नभएकोले प्रदेश सभा नियमावली, २०७४ को नियम १०६ को उपनियम (२) बमोजिम"**प्रदेश खानेपानी तथा सरसफाइ सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक, २०८२**" लाई प्रस्तुत गर्न अनुमति प्राप्त भएको घोषणा गर्नुभएपछि माननीय मन्त्रीले विधेयक प्रस्तुत गर्नुभयो।

तदनन्तर प्रदेश सभाको अर्को बैठक मिति २०८२ चैत्र २६ गते बिहिबार बिहान ११:०० बजे बस्ने गरी यो बैठक साझ ४:२७ बजे स्थगित भयो।

रामकुमार पौडेल

सभा सचिव